जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
**गोलबजार नगरपालिका–६, सिरहा**
**फोन नं.: ०३३–५४०३५६**
**मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००**
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १०२ पृष्ठः ४ | २०८३ साउन २६ मंगलबार (Tuesday 11 Aug. 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## बोलबमका श्रद्धालु चढेको ट्याक्टर दुर्घटना, १५ जना घाइते



सिरहा, २५ साउन। सिरहाको कर्जन्हा नगरपालिका २ बन्दीपुरस्थित नेपाल राष्ट्रिय फुलकुमारी महतो माध्यमिक विद्यालयको मुख्यद्वार अगाडी बोलबम श्रद्धालु सवार ट्याक्टर पल्टिँदा १५ जना घाइते भएका छन्। घाइतेमध्ये एक जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ।

बोलबमका भक्तजन सवार ज १ त ४८०८ नम्बरको ट्याक्टर उकालोमा नियन्त्रण गुमाएर पल्टिएको धनुषाको जनकपुरधाम उपमहानगरपालिका १५ रामपुरटोलका १५ जना घाइते भएका हुन्। दुर्घटनामा परी १३ वर्षीय अनुराग मण्डल गम्भीर घाइते भएको प्रहरीले जनाएको छ। दुर्घटनामा१७ वर्षीय कृष्णा मण्डल, ४० वर्षीया गंगिया मण्डल, १८ वर्षीय राहुल दास, १३ वर्षीय प्रिन्स दास, १८ वर्षीय गोपाल यादव, १७ वर्षीय

**–बाँकी दुई पेजमा**

## ढल्केबरको ट्रमा सेन्टर निर्माण नरोकिने



काठमाडौँ, २५ साउन। धनुषाको ढल्केबरमा प्रस्तावित ट्रमा सेन्टर निर्माणको माग गर्दै आन्दोलन भइरहेका बेला स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले ढल्केबरको ट्रमा सेन्टर निर्माण प्रक्रिया नरोकिने स्पष्ट पार्नुभएको छ। उहाँले नयाँ संरचना निर्माण सम्पन्न हुन समय लाग्ने भएकाले तत्कालका लागि लहानस्थित प्रादेशिक अस्पतालमा ट्रमा युनिट सञ्चालन गर्न लागिएको बताउनुभएको हो।

सोमबार प्रतिनिधि सभामा जवाफ दिँदै मन्त्री मेहताले ढल्केबरमा क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माणको प्रक्रिया अघि बढिसकेको बताउनुभएको हो। मन्त्री मेहताका अनुसार दुर्घटनामा गम्भीर घाइते भएका नागरिकलाई उपचारका लागि काठमाडौं ल्याउनुपर्ने बाध्यता अन्त्य गर्न सरकारले तत्काल सेवा र दीर्घकालीन पूर्वाधार निर्माणलाई सँगसँगै अघि बढाएको छ।

लहानस्थित प्रादेशिक अस्पतालमा सीटी स्क्यान,आवश्यक चिकित्सकीय जनशक्ति, बिरामीको पर्याप्त चाप तथा ब्लड बैंकलगायत ट्रमा सेवा सञ्चालनका लागि आवश्यक आधारभूत पूर्वाधार रहेकाले त्यहाँ तत्काल ट्रमा युनिट सञ्चालन गर्ने निर्णय गरिएको मन्त्री मेहताले बताउनुभयो।

"लहानमा ट्रमा युनिट सञ्चालन गर्नु ढल्केबरको विकल्प होइन," मन्त्री मेहताले स्पष्ट पार्नुभयो, "नयाँ संरचना निर्माण सम्पन्न नहुँदासम्म नागरिकलाई तत्काल उपचार उपलब्ध गराउने अन्तरिम र व्यावहारिक व्यवस्था हो।"

मन्त्री मेहताले एक ठाउँमा दीर्घकालीन स्वास्थ्य संरचना निर्माण

**–बाँकी दुई पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## धार्मिक असहिष्णुता रोक्न स्पष्ट कानुनी र नैतिक आधार आवश्यक : सांसद ठाकुर

काठमाडौं, २५ साउन। जनता समाजवादी पार्टी (जसपा), नेपालका सांसद महन्थ ठाकुरले समाजमा बढ्दो धार्मिक असहिष्णुताप्रति चिन्ता व्यक्त गर्दै सामाजिक सद्भाव कायम राख्न कानूनी र नैतिक आधार बलियो हुनुपर्नेमा जोड दिएका छन्।

सोमबार संघीय संसद्को विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा 'राष्ट्रिय सदाचार नीति, २०८३' को कार्यान्वयनका सम्बन्धमा भएको छलफलमा बोल्दै सांसद ठाकुरले सामाजिक सद्भाव कायम राख्न कानूनी र नैतिक आधार बलियो हुनुपर्नेमा जोड दिएका हुन्।

'एक समाजको मठ–मन्दिर अगाडि अर्को समाजको जुलुस जाँदा कतिपय अवस्थामा सहिष्णुता देखिए पनि, कतिपय अवस्थामा फरक नारा र धार्मिक मान्यताका कारण टकराव हुने गरेको छ। यस्तो असहिष्णुताले समाजमा मारकाट र द्वन्द्व निम्त्याउने गरेको छ। नैतिकता मानिसको बीचमा हुनुपर्ने विषय हो,' ठाकुरले भने।

सांसद ठाकुरले नेपालको विविधतापूर्ण समाजमा एउटा समुदायको धार्मिक गतिविधि वा नाराबाजी अर्को समुदायका लागि असहज बन्ने गरेको उल्लेख गरे। मानवीय नैतिकताको अभावमा

**–बाँकी दुई पेजमा**

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।
- सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## २० रुपैयाँको होइन, कानुनको प्रश्न

सरकारले खाना पकाउने एलपी ग्यासको मूल्य निर्धारण गर्छ। नियामक निकायले त्यसको कार्यान्वयन गराउँछ। उपभोक्ताले सरकारले तोकेको मूल्य तिर्छन् र व्यवसायीले त्यही मूल्यमा ग्यास बिक्री गर्नुपर्छ। यही नै बजार अनुशासन र कानुनी शासनको सामान्य मान्यता हो। तर सिरहामा सार्वजनिक भएको ग्यासको 'सेवा शुल्क' विवादले यही आधारभूत मान्यतामाथि गम्भीर प्रश्न उठाएको छ। सरकारले निर्धारण गरेको मूल्यमा प्रतिसिलिन्डर २० रुपैयाँ थपेर २ हजार ८० रुपैयाँमा ग्यास बिक्री गर्न ग्यास बिक्रेता संघ सिरहाले लहानका डिलरहरूलाई सर्कुलर जारी गरेको विषय सामान्य मूल्य विवाद होइन। मूल प्रश्न हो, सरकारले तोकेको मूल्यमा अतिरिक्त रकम थप्ने अधिकार निजी व्यवसायी संघलाई कसले दियो?

व्यवसायीको हकहितका लागि गठन भएको संघ राज्यको मूल्य निर्धारण गर्ने निकाय होइन। व्यवसायीका समस्या सरकारसमक्ष राख्ने, लागत बढेको भए मूल्य पुनरावलोकनको माग गर्ने र आफ्ना सदस्यको हित संरक्षण गर्ने अधिकार उसलाई हुन सक्छ। तर सरकारी मूल्यमा आफूखुसी रकम थपेर उपभोक्ताबाट असुल्न निर्देशन दिने अधिकार कुन कानुनले दिएको हो? यसको स्पष्ट जवाफ आवश्यक छ। झन् गम्भीर पक्ष के छ भने उक्त सर्कुलरको बोधार्थ स्थानीय प्रशासन, नगरपालिका, उपभोक्ता मञ्च तथा पत्रकार महासंघसम्मलाई दिइएको बताइएको छ। तर कुनै सरकारी कार्यालयलाई बोधार्थ पठाउँदैमा निजी संघको निर्णय सरकारी निर्णय बन्न सक्दैन। प्रशासनलाई जानकारी गराउनु र प्रशासनबाट निर्णयको वैधानिकता प्राप्त गर्नु एउटै कुरा होइन। यदि प्रशासन वा अन्य कुनै सरकारी निकायले उक्त शुल्क लिन स्वीकृति दिएको हो भने त्यसको कानुनी आधार सार्वजनिक हुनुपर्छ।

'सेवा शुल्क' भन्ने शब्द आफैँमा कानुनी अधिकारको प्रमाण होइन। कुनै रकमलाई सेवा शुल्क नाम दिँदैमा त्यसले वैधानिकता प्राप्त गर्दैन। सेवा प्रदान गरिएको छ भने त्यसको शुल्क लिन सकिने अवस्था हुन सक्छ, तर निर्धारित मूल्यको वस्तु खरिद गर्दा कुनै अतिरिक्त सेवा नलिएको अवस्थामा त्यही वस्तुको मूल्यभन्दा माथि रकम असुल्नु गम्भीर विषय हो।

नेपाल आयल निगमका विराटनगरस्थित अधिकारी भीम विश्वकर्माको भनाइअनुसार, विक्रेताले उपभोक्ताको घरसम्म ग्यास पुऱ्याएको अवस्थामा अतिरिक्त सेवाबापत शुल्क लिन सकिने अवस्था हुन्छ। तर उपभोक्ता आफैँ विक्रेताको पसलमा पुगेर ग्यास खरिद गर्छ भने निर्धारित मूल्यभन्दा बढी रकम लिनु कानुनी रूपमा स्वीकार्य नहुने उनको धारणा छ। यदि यही कानुनी व्याख्या लागू हुन्छ भने सिरहामा उठाइएको २० रुपैयाँको विषयमा सम्बन्धित निकायले तत्काल स्पष्टता दिनुपर्छ। अहिले ग्यास उपभोक्ताको अवस्था झन् कठिन छ। अभावका कारण घण्टौँ लाइनमा बस्नुपर्ने, खाली सिलिन्डर बोकेर डिलर खोज्नुपर्ने र ग्यास नपाउँदा घरको भान्सा प्रभावित हुने अवस्था छ। यस्तो बाध्यताको बीचमा थप २० रुपैयाँ असुल्नु केवल रकमको विषय होइन यो उपभोक्ताको विवशताको आर्थिक दोहन बन्न सक्ने जोखिम हो।

व्यवसायीलाई परेको अतिरिक्त लागतको समाधान खोज्नु राज्य र व्यवसायीबीचको विषय हो। वितरण प्रणालीमा थप जनशक्ति परिचालन गर्नुपरेको छ भने त्यसको व्यवस्थापन कसरी गर्ने भन्नेबारे सम्बन्धित निकायले निर्णय गर्न सक्छ। तर लागतको भार उपभोक्ताको टाउकोमा आफूखुसी थोपर्ने बाटो स्वीकार्य हुन सक्दैन। आज ग्याममा २० रुपैयाँ थपियो भने भोलि अर्को अत्यावश्यक वस्तुमा ५० रुपैयाँ र पर्सि अर्को सेवामा १०० रुपैयाँ थप्ने अभ्यास सुरु हुन सक्छ। त्यसपछि सरकारी मूल्य निर्धारणको अर्थ नै के रहन्छ? सरकारले एउटा मूल्य तोक्ने तर बजारमा संगठित व्यवसायी समूहले त्यसमा आफ्नो शुल्क थप्ने हो भने मूल्य नियमनको वास्तविक अधिकार राज्यसँग रहन्छ कि व्यवसायी शक्तिसँग भन्ने प्रश्न उठ्नु स्वाभाविक छ।

त्यसैले स्थानीय प्रशासन, सम्बन्धित नियामक निकाय र उपभोक्ता अधिकारका क्षेत्रमा काम गर्ने संस्थाहरू अब मौन बस्नु हुँदैन। ग्यास बिक्रेता संघ सिरहाले २० रुपैयाँ थप्ने कानुनी आधार सार्वजनिक गर्नुपर्छ। कसले निर्णय गऱ्यो, कुन कानुन वा नियमका आधारमा गऱ्यो र त्यसको कार्यान्वयनका लागि कसको स्वीकृति थियो भन्ने स्पष्ट हुनुपर्छ। सरकारले तोकेको मूल्यभन्दा बढी रकम असुलिएको भए सम्बन्धित निकायले छानबिन गरी आवश्यक कारबाही गर्नुपर्छ। किनकि 'सेवा शुल्क' शब्द कानुनी दायित्वबाट उम्किने आवरण बन्न सक्दैन। यो २० रुपैयाँको विवाद होइन। यो राज्यको अधिकार, उपभोक्ताको अधिकार र कानुनी शासनको प्रश्न हो। सरकारले मूल्य तोक्ने तर व्यापारी संघले त्यसलाई आफ्नो निर्णयबाट परिवर्तन गर्ने अवस्था स्वीकार गरियो भने भोलि बजारमा नियम होइन, पहुँच र संगठित शक्तिले मूल्य निर्धारण गर्ने खतरा बढ्छ।

ग्यासको सिलिन्डरमा थपिएको २० रुपैयाँ फिर्ता गर्न सकिन्छ। तर कानुनमाथि मनोमानी स्थापित भयो भने राज्यको विश्वसनीयता र नागरिकको कानुनप्रतिको भरोसा फिर्ता गर्न निकै कठिन हुनेछ। त्यसैले अहिले नै स्पष्ट हुनुपर्छ, सरकारले तोकेको मूल्य चल्छ कि व्यापारीको हुकुम?

# काठमाडौंको जुत्ता, मधेशको चप्पल

जेनजी आन्दोलनमा रगतले लतपतिएको जुत्तालाई नयाँ पुस्ताको विद्रोहको आइकन मानियो। तर सुनसरीको कप्तानगञ्ज घटनाको आइकोनिक चप्पल भने राष्ट्रिय बहसको मूलधारमा आउनै पाएन।



**हरि अधिकारी**

विराटनगर, २५ साउन। १० साउनको राति खान खाएर सुत्नै लाग्दा सुनसरीको देवानगञ्ज गाउँपालिका–३ कप्तानगञ्जमा दुई समूहको झगडाको खबर पाएपछि स्थानीय ओमप्रकाश मेहता दौडिएर चोक पुगे। चप्पल लगाएर चोक पुग्दा दोहोरो झडप हुँदै थियो।

चौबाटोको दक्षिणपट्टि उभिएका उनी गोली लागेर ढले। उनी ढल्दा लगाएको चप्पल रगताम्ये थिए। सँगै रहेका साथीले चप्पल छेउमा राखिदिए। उनलाई उपचारका लागि अस्पताल पठाइयो। अस्पताल पुऱ्याउने बित्तिकै चिकित्सकले मृत घोषित गरे।

घटना भएको रात कप्तानगञ्ज चोकमा चप्पल लगाएर पुग्ने उनी एक्ला थिएनन्। गोली लागेर ज्यान गुमाएका जयप्रकाश र रविन्द्र मेहतासहित स्थानीय चप्पलमै चोक पुगेका थिए। कप्तानगञ्ज घटनाको विरोधमा ११ साउनयता स्थानीय नागरिक सडक आन्दोलनमा छन्। आन्दोलनमा उत्रिनेहरू अधिकांश चप्पलमै छन्। 'मधेशलाई बुझ्न एउटा चप्पल हेर्नुस्, त्यो चप्पलले खेतदेखि बजारसम्म, गाउँदेखि सदरमुकामसम्म यात्रा गरेको हुन्छ,' विश्लेषक तथा अग्रज पत्रकार चन्द्र किशोर भन्छन्, 'मधेशको विकासको कथा कागजमा जति सुन्दर छ, चप्पलको घिसाइमा त्यति नै कठोर देखिन्छ। त्यसैले मधेशमा चप्पल गरिबीको मात्र प्रतीक होइन, श्रम, यात्रा र नागरिकको धैर्यको प्रतीक हो।'

१० साउनको आन्दोलनमा रगताम्मे चप्पल भदौ २३ र २४ गते जेनजी आन्दोलनको आइकोनिक रगताम्मे जुत्ता जस्तै छ। त्यो जुत्ता जेनजी आन्दोलनका घाइते प्रकाश बोहराको हो। रगतले लतपतिएको जुत्तालाई नयाँ पुस्ताको विद्रोहको आइकन मानियो। सामाजिक सञ्जालका वालहरूमा त्यसले सहानुभूति र क्रान्तिको एउटा नयाँ मानक स्थापित गऱ्यो।

सुनसरीको कप्तानगञ्ज घटनाको आइकोनिक चप्पल भने राष्ट्रिय बहसको मूलधारमा आउनै पाएन। प्रहरीको गोली लागेर तीन जनाको ज्यान गएको घटनास्थलमा भेटिएको रगताम्ये चप्पललाई स्थानीय आन्दोलनको आइकोनिक सिम्बल मान्छन्। स्थानीय रामनारायण मेहताका अनुसार रगताम्ये चप्पल मृतक ओमप्रकाशले लगाएका हुन्। गोली लागेर उनी ढलेपछि स्थानीयले चप्पल समेटेर फोटो खिचेका थिए। १० साउनमा उनी हतारमा चप्पल लगाएर दौडिएर चोक पुगेका थिए।

काठमाडौंको जेनजी आन्दोलनको जुत्ता र मधेशको चप्पल दुवै रगतमा निथ्रुक्क भिजेका थिए। दुवैले राज्यको दमनको कथा बोलेका छन्। तर एउटा जुत्ता विद्रोहको विम्ब बन्यो, चप्पलले भने गुमनाम जस्तो छ। चन्द्र किशोरका उनका अनुसार मधेश आन्दोलनको समयमा पनि अधिकांश नागरिक खाली खुट्टा र चप्पलमै सडकमा उत्रिएका थिए। कप्तानगञ्ज हुँदै सुरु भएको आन्दोलनमा पनि नागरिकहरू चप्पलमै सडकमा उत्रिए।

'मधेशका धेरै आन्दोलन महँगा गाडीबाट होइन, घिस्रिएका चप्पलबाट चलेका छन्। सत्ताको कुर्सीमा पुग्दा मधेशका नेताले चप्पल फेरे, तर जनताको बाटो फेरिएन,' उनी भन्छन्, 'चप्पललाई गरिबीको प्रतीक बनाएर हेर्नु मधेशलाई हेर्ने पुरानो दृष्टि हो। मधेशमा चप्पल श्रम, गतिशिलता र जीविकाको साधन पनि हो।'

जेनजी आन्दोलनमा काठमाडौंको सडकमा जुत्ता लगाउने युवाहरू परिवर्तनको हुटहुटी बोकेर निस्किएका थिए। त्यो जुत्ता आधुनिकता, सचेतना र नयाँ पुस्ताको आक्रोशको प्रतीक बन्यो। रगत लागेको जुत्ता एउटा कलात्मक विद्रोहको रूपमा प्रस्तुत भयो। तर, मधेशका लागि चप्पल बाध्यता र दैनिकी हो। खेतको हिलोदेखि सडकको आन्दोलनसम्म किसानको साथी भनेकै फित्तावाला चप्पल हुन्।

समाजशास्त्रका उपप्राध्यापक चन्द्र उपाध्यायका अनुसार तराईको दैनिकीको हिस्सा चप्पल हो। 'चप्पल लगाउन र खोल्न सजिलो हुन्छ, यो मधेशको जीवनशैलीको एउटा अभिन्न हिस्सा हो,' उनी भन्छन्, 'यसले समाजको अवस्था र सांस्कृतिक सम्बन्ध पनि जनाउँछ।' मधेशको आन्दोलनमा सामान्य जनजीवनको स्वतःस्फूर्त सहभागिता हुने भएकाले चप्पलको बाहुल्य देखिएको उनको विश्लेषण छ।

'आन्दोलनमा आइकोनिक प्रतीकहरूले सम्बन्धित घटनालाई भावनात्मक रूपमा जीवित राख्न र मानिसहरूलाई त्यो क्षण नबिर्सन निरन्तर घच्घच्याइरहने काम गर्छन्,' उपाध्याय भन्छन्, 'चप्पल मधेशको जीवनशैलीको हिस्सा हो।' काठमाडौं र शहरिया जीवनशैलीको हिस्सा जुत्ता भएको उनी बताउँछन्। 'जेनजी आन्दोलनको आइकनिक जुत्ता युवा र विद्यार्थीको परिचय र सपनासँग जोडिएको थियो, यसले शहरी क्षेत्रको औपचारिक पहिरन र संस्थागत परिवेशबाट सुरु भएको विद्रोहलाई प्रतिविम्बित गर्छ,' उनी भन्छन्, 'काठमाडौंको जुत्ता होस् वा मधेशको चप्पल दुवैले आ–आ नो ठाउँको भूगोल, संस्कृति र संघर्षको प्रतिनिधित्व गर्छन्।'

मधेशलाई प्रतिनिधित्व गर्ने गरी चप्पलको प्रयोग हुनुमा भूगोल र जीवनशैलीको प्रभाव रहेको उनको बुझाइ छ। मधेशको आन्दोलनमा सहभागी हुने अधिकांशका खुट्टामा चप्पल नै हुन्छन्। मधेशका चप्पलले अधिकार र न्यायका लागि सडक नापेका छन्। काठमाडौंको सडकमा चर्किएको आवाजले जति सजिलै सिंहदरबारको ढोका ढकढक्याउँछ, मधेशको देहातका आवाजहरू त्यति सजिलै सुनिँदैनन् भन्ने उदाहरण पनि कप्तानगञ्ज घटना हो। स्थानीयका अनुसार ओमप्रकाश मेहताको चप्पलले राज्यको क्रुरता र विभेदको ऐना देखाएको थियो। १० साउनको घटनापछि सरकार र पीडित परिवारबीच सहमति भएको थियो।



तर, सहमति कार्यान्वयन नगरी विभेद गरेको भन्दै स्थानीयले हरेक दिन आन्दोलन गरिरहेका छन्। काठमाडौंमा उपचारका क्रममा मृत्यु भएका रविन्द्र मेहताको शव परिवारले बुझेका छैनन्। शव बुझ्नका लागि उनीहरूले मधेशमाथि राज्यले गरिरहेको विभेदपूर्ण व्यवहार अन्त्य र सहमति कार्यान्वयनको माग राखेका छन्। अनलाइन खबरबाट

### ढल्केबरको ट्रमा...

भइरहँदा अर्को ठाउँमा तत्काल सेवा विस्तार गर्नु विरोधाभास नभएको बताउनुभएको छ। सरकारको नीति नै आवश्यकताअनुसार देशका विभिन्न स्थानमा ट्रमा सेन्टर तथा ट्रमा युनिट विस्तार गर्ने रहेको उहाँको भनाइ छ।

"हाम्रो उद्देश्य एउटै हो, दुर्घटनामा परेका नागरिकले समयमै उपचार पाऊन् र उपचारका लागि काठमाडौं धाउनुपर्ने बाध्यता अन्त्य होस्," मन्त्री मेहताले भन्नुभयो। मन्त्री मेहताले ढल्केबरमा निर्माण भइरहेको संरचनालाई अगाडि बढाउन तथा उपलब्ध पूर्वाधारबाट तत्काल नागरिकलाई सेवा दिने वातावरण बनाउन जनप्रतिनिधि र सम्बन्धित सबै पक्षलाई सहयोग गर्न समेत आग्रह गर्नुभएको छ।

# ग्यास आपूर्ति सहज बनाउन अनुगमन




जनकपुरधाम, २५ साउन। मधेश प्रदेशका जिल्लामा स्थानीय प्रशासनले ग्यासको आपूर्ति सहज बनाउन अनुगमन तीव्र बनाएको छ। बर्दीबास समाचारदाता रवीन्द्र उप्रेतीका अनुसार महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको नेतृत्वमा खटिएको टोलीले शनिबार साँझसम्म जिल्लाका १५ वटै स्थानीय तहमा रहेका ११७ वटा ग्यास डिपोको स्थलगत अनुगमन गरेको छ। त्यस क्रममा सबै डिपोमा मौज्दात रहेका २८ हजार ७४५ वटा ग्यास सिलिन्डरमध्ये २३ हजार ९३६ वटा खाली अवस्थामा फेला परेका थिए। भरिएका ग्याससहितका सिलिन्डरको संख्या भने जिल्लाभरमा एक हजार ३५३ वटा मात्रै पाइएको थियो। प्रशासनले सार्वजनिक गरेको अनुगमन प्रतिवेदन अनुसार भरिएका सिलिन्डर सबैभन्दा बढी सीमावर्ती समसी गाउँपालिकामा २८८ थान मौज्दात पाइएको छ।

सबैभन्दा कम बर्दीबासमा १० वटा मात्रै ग्याससहितका सिलिन्डर भेटिएका थिए। प्रशासनका अनुसार जिल्लाका विभिन्न स्थानीय तहमा नेपाल, नारायणी, नोबेल, जगदम्बा, अम्बर, सुपर, प्रिमा, मनोज, कामगमाया र लियोलगायतका ब्रान्डका खाना पकाउने ग्यास कारोबार हुँदै आएको छ। जिल्लाभर करिब एक महिनादेखि ग्यासको चरम अभाव देखिए पनि अनुगमनका क्रममा कालोबजारी भएको नपाइएको प्रशासनको निष्कर्ष छ। प्रमुख जिल्ला अधिकारी यादवले अनुगमनका क्रममा ग्यासको आपूर्ति तथा वितरणमा कुनै कैफियत नदेखिएको बताउनुभयो।

उहाँका अनुसार डिपोमा आपूर्ति भएको ग्यास उपभोक्ताले सहज रूपमा प्राप्त गरिरहेको पाइएको छ। केही उपभोक्ताले आफ्नो नियमित आवश्यकताभन्दा बढी ग्यास घरमै सञ्चय गरेर राख्ने प्रवृत्ति देखिएको अनुगमन टोलीमा सहभागी बर्दीबास नगरपालिकाका प्रतिनिधि पवनकुमार कार्कीले बताउनुभयो। बर्दीबासस्थित इलाका प्रशासन कार्यालयका प्रमुख माधव न्यौपानेले उपभोक्ताले आवश्यकताभन्दा बढी ग्यास सञ्चय गर्ने प्रवृत्तिले बजारमा कृत्रिम अभावको अवस्था सिर्जना गर्न सक्ने हुँदा उपभोक्तालाई आवश्यकताभन्दा बढी ग्यास सञ्चय नगर्न आग्रह गरेको जानकारी दिनुभयो।

बर्दीबासस्थित एलपी ग्यास व्यवसायी स का अध्यक्ष सरोज श्रेष्ठले भन्नुभयो, "मेरो डिपोमा आइतबार बिहानसम्म आठ सय जनाको बुकिङ भइसकेको छ। गएराति जगदम्बाको २०४ सिलिन्डर ग्यास आएको थियो। बिहान एक घण्टा पनि लागेन केहीबेरमै सबै सिलिन्डर सकिए।" अर्कोतर्फ सिन्धुली जिल्लाका दक्षिणी भेग र महोत्तरीसँग सीमा जुटेका धनुषा जिल्लाका उपभोक्तासमेत ग्यासको अभाव टार्न बर्दीबास आउने गरेकाले पनि एलपी ग्यासको माग र आपूर्ति असन्तुलित भएको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

**डिलरमा छड्के अनुगमन**

चन्द्रपुर समाचारदाता प्रवीणकुमार शर्माका अनुसार बजारमा ग्यासको अभाव देखिएपछि जिल्ला प्रशासन कार्यालय रौतहटले जिल्लामा ग्यासको आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित गर्न ग्यास डिलरमा नियमित अनुगमन सुरु गरेको छ। जनताको गुनासो आएपछि शनिबारदेखि जिल्लाका विभिन्न ग्यास डिलरमा अनुगमन सुरु गरिएको रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले जानकारी दिनुभयो। प्रमुख जिल्ला अधिकारी भुसाल नेतृत्वको टोलीले गौर, गरुडा तथा चन्द्रनिगाहपुर क्षेत्रका ग्यास डिलरमा छड्के अनुगमन गरेको जिल्ला प्रशासन कार्यालय रौतहटका नायब सुब्बा रामनरेश साहले बताउनुभयो। जिल्लाका १७ वटा ग्यास डिलरमा अनुगमन गरिएको उहाँले जानकारी दिनुभयो।

अनुगमनका क्रममा अधिकांश ग्यास विक्रेताका स्टोरमा खाली सिलिन्डर रहेको पाइएको नायब सुब्बा साहले बताउनुभयो। माग अनुसार ग्यास उपलब्ध नभएकोले अभाव भएको जानकारी अनुगमन टोलीलाई गराइएको उहाँले उल्लेख गर्नुभयो। अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारी भुसालले ग्यास आपूर्ति भएपछि उपभोक्तालाई पारदर्शी, व्यवस्थित र सहज रूपमा वितरण गर्न डिलरलाई निर्देशन दिनुभएको छ। आपूर्ति भएको ग्यास उचित तरिकाले वितरण गर्न व्यवसायीलाई सचेत गराइएको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रशासकीय अधिकृत मनिभूषण साहले बताउनुभयो।

**बिक्री खाता अव्यवस्थित**

राजविराज समाचारदाता धीरेन्द्रप्रसाद साहका अनुसार सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवको नेतृत्वमा संयुक्त अनुगमन टोलीले पछिल्ला दुई दिनमा जिल्लाका विभिन्न स्थानमा रहेका ग्यास डिलर तथा सबडिलरको अनुगमन गरेको हो। अनुगमन टोलीले राजविराज, हनुमाननगर, भारदह, कञ्चनरूप, विष्णुपुर, राजगढ तथा शम्भुनाथस्थित ट्राफिक चोकलगायतका स्थानमा रहेका ग्यास विक्रेताको स्थलगत निरीक्षण गरेको छ। टोलीमा जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत सन्तोष राय, सप्तरी उद्योग वाणिज्य स का प्रतिनिधि, सुरक्षाकर्मी तथा सम्बन्धित स्थानीय तहका प्रतिनिधिको सहभागिता रहेको थियो।

सहायक प्रमुख जिल्ला अधिकारी यादवले ग्यासको कालोबजारी गरेको ठोस प्रमाण भने फेला नपरेको बताउनुभयो। अधिकांश विक्रेताले मूल्यसूची नराखेको, खरिदबिक्री खाता व्यवस्थित रूपमा नराखेको, राखिएका खाता पनि अद्यावधिक नगरेको तथा उपभोक्तालाई बिलबिजक जारी नगरेको पाइएको उहाँले जानकारी दिनुभयो। बिलबिजक जारी नगरेका हनुमाननगरका दुई वटा ग्यास डिलरलाई आवश्यक कागजातसहित जिल्ला प्रशासन कार्यालयमा उपस्थित हुन पत्र काटिएको उहाँले बताउनुभयो।

सहायक प्रजिअ यादवका अनुसार माग अनुसार ग्यास कम्पनीबाट आपूर्ति नहुनु प्रमुख कारण देखिएको छ। डिलरले माग गरे अनुसार कम्पनीले ग्यास उपलब्ध नगराउने, डिलरलाई तोकिएको कोटाभन्दा कम मात्रामा सिलिन्डर पठाउने तथा थोरै थोरै परिमाणमा ग्यास आपूर्ति गर्ने गरेका कारण वितरण प्रणाली प्रभावित भएको उहाँले बताउनुभयो। सप्तरीमा दुहबी, जमुनाह, इटहरी र विराटनगरलगायतका स्थानबाट विभिन्न कम्पनीका एलपी ग्यास ल्याएर बिक्रीवितरण हुँदै आएको छ। प्रशासनले ग्यास डिलर तथा विक्रेतालाई मूल्यसूची अनिवार्य रूपमा राख्न, खरिदबिक्रीको विवरण नियमित रूपमा अद्यावधिक गर्न तथा प्रत्येक कारोबारको बिलबिजक जारी गर्न निर्देशन दिएको छ।

# हिंसापछि झन् कठिन बन्छ महिलाको जीवन

जनकपुरधाम, २५ साउन। महिला हिंसाका घटनामा कानुनले न्याय दिए पनि समाजले पीडितलाई सहज रूपमा स्वीकार्न सकेको छैन। मधेश प्रदेशमा महिलामाथि हुने हिंसा घटना घटेसँगै अन्त्य हुँदैन, त्यसपछि सुरु हुन्छ न्याय, सुरक्षा र पुनःस्थापनाको लामो संघर्ष।

अन्तरजातीय सम्बन्धका कारण सामाजिक बहिष्कारमा परेकी महिला, बाल्यकालदेखि यौनशोषणमा परी किशोरावस्थामै आमा बनेकी बालिका र हिंसापछि कानुनी तथा सामाजिक सहाराको खोजीमा रहेका पीडितका कथाले मधेशमा महिला हिंसा केवल व्यक्तिगत वा पारिवारिक समस्या नभई जातीय विभेद, पितृसत्तात्मक सोच, दाइजो, बालविवाह र कमजोर पुनःस्थापना प्रणालीसँग जोडिएको संरचनागत समस्या रहेको देखाउँछन्।

धनुषाको एक गाउँपालिकामा बेवारिसे अवस्थामा फेला परेकी एक बालिकालाई मुसहर समुदायका एक दम्पतीले संरक्षणमा लिएर हुर्काएका थिए। तर, आठ वर्षको उमेरदेखि निरन्तर यौनशोषणमा परेकी ती बालिका १३ वर्षको उमेरमा गर्भवती भएपछि मात्र घटना सार्वजनिक भयो। घटना सार्वजनिक भएपछि सम्बन्धित वडा कार्यालयको पहलमा राष्ट्रिय मानवअधिकार आयोगलाई जानकारी गराइएको थियो। प्रहरीको समन्वयमा २०७७ माघ १७ गते बालिकालाई महिला पुनःस्थापना केन्द्र (ओरेक) को सुरक्षित आवासमा ल्याई आवश्यक संरक्षण तथा सेवा प्रदान गरिएको थियो।

ओरेकको पहलमा प्रभावित बालिकाको जन्मदर्ता, नागरिकतालगायत कानुनी अधिकारसमेत सुनिश्चित गरिएको छ। हाल उहाँकी छोरी काठमाडौँस्थित एक संस्थामा अध्ययनरत हुनुहुन्छ भने प्रभावित बालिका आत्मनिर्भर भएर जीवनयापन गर्न सीपमूलक तालिम लिइरहनुभएको छ।

यस्तै, धनुषाकी २० वर्षीया 'शान्ति' (परिवर्तित नाम) र २१ वर्षीय 'राम' ( परिवर्तित नाम) बिचको प्रेम सम्बन्ध परिवारले अस्वीकार गरेपछि उनीहरू सामाजिक दबाबका कारण पटक-पटक घर छोड्न बाध्य भए। पछि राम सम्पर्कविहीन भई वैदेशिक रोजगारीमा गएको खुलेपछि गर्भवती अवस्थामा रहेकी शान्ति विभिन्न निकायको समन्वयमा ओरेकको सुरक्षित आवासमा पुग्नुभएको थियो। सुरक्षित आवासमै उहाँले छोरीलाई जन्म दिनुभयो। अदालतबाट राम र शान्तिबिच नाता कायम भए पनि रामले अन्यत्र विवाह गरिसकेका कारण शान्तिको न्यायप्राप्तिको कानुनी प्रक्रिया अझै जारी छ।

महोत्तरीकी १९ वर्षीया रेश्मा ( परिवर्तित नाम) अन्तरजातीय प्रेम गरेकै कारण परिवार र प्रेमीबाट अस्वीकार हुनुभयो। गर्भवती अवस्थामा बजारको होटलमा अलपत्र पारिएकी उहाँलाई जिल्ला प्रहरी कार्यालय र ओरेकको सुरक्षित आवासको संरक्षणमा ल्याइएको थियो। त्यहीँ उहाँले सन्तानलाई जन्म दिनुभयो। दुई वर्ष बितिसक्दा पनि उहाँ सुरक्षित आवासमै हुनुहुन्छ। नाता कायम र जातीय विभेदसम्बन्धी मुद्दा अदालतमा विचाराधीन छ।

यी तीन प्रतिनिधिमूलक घटनाले मधेश प्रदेशमा महिलामाथिको हिंसा व्यक्तिगत वा पारिवारिक विवाद मात्र नभई संरचनागत विभेदको परिणाम भएको देखाउँछन्। अन्तरजातीय सम्बन्ध अस्वीकार गर्ने सामाजिक मानसिकता, दाइजो प्रथा, बालविवाह, पितृसत्तात्मक सोच र आर्थिक निर्भरता महिलामाथिको हिंसालाई निरन्तरता दिने प्रमुख कारणका रूपमा देखिएका छन्।

कानुनी प्रक्रिया अघि बढे पनि धेरै महिलाले सामाजिक बहिष्कार, परिवारको अस्वीकार्यता र आर्थिक असुरक्षाका कारण सम्मानपूर्वक जीवनयापन गर्न सकेका छैनन्। उनीहरूका सन्तानसमेत शिक्षा, पहिचान, नागरिक अधिकार र सामाजिक स्वीकार्यताको संकटसँग जुधिरहेका छन्।

ओरेक मधेश प्रदेशकी प्रदेश संयोजक विणाकुमारी सिंहले महिलामाथिको हिंसालाई व्यक्तिगत वा कानुनी मुद्दाका रूपमा मात्र नभई मानवअधिकार, सामाजिक न्याय र राज्यको उत्तरदायित्वसँग जोडिएको सार्वजनिक सरोकारको विषयका रूपमा सम्बोधन गर्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "जातीय विभेद, दाइजो प्रथा, बालविवाह, पितृसत्तात्मक सोचलगायत हिंसाका मूल कारण रहेका विभेदकारी अभ्यासको अन्त्य गर्दै हिंसा प्रभावित महिलाको सुरक्षा, न्यायमा पहुँच, दीर्घकालीन पुनःस्थापना, आर्थिक सशक्तीकरण र सामाजिक पुनःएकीकरण सुनिश्चित गर्न संघीय, प्रदेश तथा स्थानीय सरकारले प्रभावकारी नीति, पर्याप्त स्रोत र जवाफदेही कार्यान्वयनलाई उच्च प्राथमिकता दिनुपर्छ।" यसका लागि सबै सरोकारवाला निकायबिच प्रभावकारी समन्वय र जवाफदेही सहकार्य अपरिहार्य रहेको संयोजक सिंहको भनाइ छ।

**विगत छ महिनामा मधेशमा महिला हिंसाका घटना**

ओरेक मधेश प्रदेशले सन् २०२६ को जनवरीदेखि जुनसम्म छ महिनाको अवधिमा २४३ वटा महिला हिंसाका घटना अभिलेखीकरण गरेको छ। तीमध्ये १३ वटा घटना स्थानीय सञ्चारमाध्यम र २३० वटा घटना धनुषा, महोत्तरी, सर्लाही र पर्साका महिला, युवा तथा किशोरी समूहबाट संकलन गरिएका हुन्।

अभिलेखअनुसार सबैभन्दा बढी घरेलु हिंसाका १३६ (५५.९७ प्रतिशत) घटना छन्। त्यसपछि सामाजिक हिंसाका ३८, बहुविवाहका १४, यौन दुर्व्यवहारका १३ तथा महिला हत्यारआत्महत्याका ११ घटना रहेका छन्। बालविवाह, जबरजस्ती करणी उद्योग, बलात्कार, बोक्सीको आरोप, सामाजिक बहिष्कार, मानव बेचबिखनलगायतका घटना पनि अभिलेखीकरण भएका छन्।

हिंसाका कारण विस्थापित महिला तथा किशोरीमध्ये धेरै सुरक्षित आवासमै आश्रित छन्। पछिल्लो दुई वर्षमा ओरेक धनुषाको सुरक्षित आवासमा १० जना हिंसा प्रभावित महिला तथा किशोरीले सन्तान जन्माएका छन्, जसमध्ये तीन जनाको मात्र पुनःस्थापना भएको छ। यस अवधिमा ५७ जना हिंसा प्रभावित महिलाले प्रत्यक्ष कानुनी सेवा पाएका छन्।

ओरेक मधेश प्रदेशका अनुसार सामाजिक बहिष्कार, आर्थिक निर्भरता, परिवार तथा समुदायको अस्वीकार्यता र दीर्घकालीन पुनःस्थापना कार्यक्रमको अभावका कारण धेरै महिला र उनीहरूका बालबालिका वर्षौंसम्म सुरक्षित आवासमै आश्रित भएर बस्न बाध्य छन्। यस्तै, मधेश प्रदेश प्रहरी कार्यालयको तथ्याङ्क अनुसार २०८३ असारसम्म एक वर्षको अवधिमा मधेशका आठवटै जिल्लामा घरेलु हिंसाका पाँच हजार २२४ वटा घटना दर्ता भएका छन् भने महिला तथा बालबालिकासम्बन्धी ठाडो उजुरीको संख्या सात हजार ४७५ पुगेको छ।

मधेशका यी प्रतिनिधि घटनाले

–बाँकी अन्तिम पेजमा

# लक्ष्यभन्दा तीन करोड बढी राजस्व असुली




जनकपुरधाम, २५ साउन। जनकपुरधाम उपमहानगरपालिकाले आर्थिक वर्षमा लक्ष्यभन्दा रु तीन करोड बढी राजस्व असुली गरेको छ। उपमहानगरपालिकाले बक्यौता असुलीमा कडाइ गरेपछि गत आर्थिक वर्षमा रु१७ करोड१५ लाख राजस्व संकलन गर्ने लक्ष्य राखिएकामा रु २० करोड ३७ लाख एक हजार ५५९ राजस्व असुली गरेको हो।

आव २०८१/८२ को तुलनामा रु तीन करोड७२ लाख २१ हजार६२६ ले बढी हो। आव २०८१/८२ मा रु १६ करोड २० लाख राजस्व संकलन गर्ने लक्ष्य रहेकामा रु १६ करोड ६४ लाख ७८ हजार ९३३ राजस्व संकलन भएको थियो।

आव २०८२/८३ मा बेरुजु शीर्षकमा रु पाँच लाख संकलन गर्ने लक्ष्य रहेकामा रु २१ लाख २६ हजार ४५३ संकलन भएको छ। त्यस्तै, सम्पत्ति करबाट रु पाँच करोड ६१ लाख पाँच हजार ३३१, बहाल करबाट रु पाँच करोड ७५ लाख ३९ हजार ६४४, सिफारिस दस्तुरबाट रु एक करोड ३४ लाख ९५ हजार ८९६ र नक्सापास दस्तुरबाट रु तीन करोड ३७ लाख ८१ हजार राजस्व संकलन भएको छ।

यसैगरी, बहाल बिटौरी करबाट रु ९२ लाख ३२ हजार २००, व्यवसाय करबाट रु ५१ लाख ५० हजार ३४७ र अन्य सेवा शुल्क तथा बिक्रीबाट रु २९ लाख ६८ हजार ४७५ राजस्व संकलन भएको छ। अन्य प्रशासनिक सेवा शुल्कबाट रु ६८ लाख ३४ हजार ९३४, परीक्षा शुल्कबाट रु १७ लाख ८६ हजार ७००, व्यक्तिगत घटना दर्ता दस्तुरबाट रु पाँच लाख ९७ हजार ७२०, प्रशासनिक दण्ड जरिवानाबाट रु ११ लाख पाँच हजार ५६३ तथा सरकारी सम्पत्ति बिक्रीबाट रु १५ लाख राजस्व संकलन भएको जनकपुरधाम उपमहानगरपालिकाका राजस्व शाखा प्रमुख परमेश्वर झाले जानकारी दिए।

# मधेशबाट 'दाइजोमुक्त नेपाल' अभियान सुरु गर्ने तयारी

काठमाडौं, २५ साउन। महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा सामाजिक सुरक्षामन्त्री सीता बादी र मधेशी आयोगका पदाधिकारीबीच दाइजो प्रथा अन्त्यका लागि राष्ट्रिय अभियान सञ्चालन गर्ने विषयमा छलफल भएको छ। मन्त्रालयमा सोमबार भएको छलफलमा मधेशबाट 'दाइजोमुक्त नेपाल' अभियान सुरु गरी क्रमशः देशभर विस्तार गर्ने विषयमा छलफल भएको हो।

छलफलका क्रममा दाइजो प्रथाविरुद्धको अभियानलाई प्रभावकारी बनाउन आवश्यक नीति, कानुनी व्यवस्था, जनचेतना तथा सरोकारवालाबीचको सहकार्यका विषयमा राय-सुझाव आदानप्रदान गरिएको छ। अभियानलाई समुदायस्तरसम्म पुऱ्याउन युवा, महिला, स्थानीय तह, शैक्षिक संस्था, सामाजिक तथा धार्मिक अगुवा, नागरिक समाज र सञ्चारमाध्यमलाई सहभागी गराउने विषयमा पनि जोड दिइएको मन्त्री बादीको सचिवालयले जनाएको छ।

मन्त्री बादीले दाइजो प्रथा महिलामाथिको आर्थिक तथा सामाजिक शोषण, लैङ्गिक विभेद र घरेलु हिंसासँग जोडिएको गम्भीर सामाजिक कुरीति भएको बताउँदै यसको अन्त्यका लागि कानुनको प्रभावकारी कार्यान्वयनसँगै सामाजिक सोच र व्यवहारमा परिवर्तन आवश्यक रहेको बताइन्। उनले 'दाइजोमुक्त नेपाल' निर्माण सरकारको मात्र जिम्मेवारी नभई सम्पूर्ण समाजको साझा राष्ट्रिय अभियान बनाउनुपर्नेमा जोड दिइन्। परिवार र समुदायबाटै 'दाइजो नलिने, नदिने' संस्कारको विकास गर्नुपर्ने मन्त्री बादीको भनाइ थियो।

मन्त्री बादीले यसअघि प्रतिनिधिसभाकी उपसभामुख रुबी कुमारीसँग पनि दाइजो प्रथा अन्त्य तथा 'दाइजोमुक्त नेपाल' अभियानबारे छलफल भएको जानकारी दिँदै आगामी दिनमा अन्य सरोकारवालासँग समेत परामर्श गरी प्राप्त सुझावका आधारमा अभियान अघि बढाइने बताइन्। मधेसी आयोगका पदाधिकारीले मधेशमा महिला तथा बालबालिकाले भोगिरहेका बालविवाह, घरेलु तथा लैङ्गिक हिंसा, शिक्षा तथा स्वास्थ्यमा पहुँचको कमी, बोक्सीको आरोपमा हुने हिंसा, बालश्रम, मानव बेचबिखन तथा ओसारपसार, नागरिकता तथा पहिचानसम्बन्धी समस्या र महिलाको निर्णय प्रक्रियामा न्यून सहभागितालगायतका विषयमा समेत आयोगका धारणा प्रस्तुत गरेका थिए।

# ठेक्का रद्द भए पनि सडक निर्माण सुरु नहुँदा जोखिमपूर्ण यात्रा



**सुधा देवर**

सप्तरी, २५ साउन। राजविराज-छिन्नमस्ता, राजविराज-रूपनी र राजविराज-हनुमाननगर-भारदह सडक निर्माणको ठेक्का सम्झौता रद्द भएको दुई महिनाभन्दा बढी समय बितिसक्दा पनि निर्माण कार्य सुरु हुन सकेको छैन। सडक निर्माण अलपत्र परेपछि सर्वसाधारण जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन्।

"बाटो नबनेको वर्षौं भयो। दिनहुँ यही बाटोबाट आवतजावत गर्नुपर्ने बाध्यता छ। कहिलेकाहीँ यो सडकमा हिँड्नेलाई खासै समस्या नपर्ला तर दिनहुँ आवतजावत गर्नेले जोखिम मोलेर यात्रा गर्नुपरेको छ," सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-इनरुवाका विजय देवले बताउनुभयो। उहाँका अनुसार सडक जीर्ण हुँदा सवारीसाधन चलाउनसमेत कठिनाइ हुने गरेको छ। "यही सडकबाट दिनहुँ भारदह कार्यालय जानुपर्छ। टाढा भएकाले हिँडेर जान सकिँदैन। स्कुटर, मोटरसाइकल वा अन्य सवारीसाधनमा कार्यालय जाँदा-आउँदा सडक बिग्रिएकाले निकै हल्लाउने र उफार्ने गर्छ," उहाँले भन्नुभयो।

सडकको दुरवस्थाका कारण आफूले दुईपटक प्राकृतिक गर्भपतनको समस्या भोग्नुपरेको एक महिला कर्मचारीले बताउनुभयो। नाम उल्लेख नगर्ने सर्तमा उहाँले सडकको अवस्थाका कारण गर्भवती, सुत्केरी तथा दीर्घरोगी बिरामीलाई आवतजावतमा समस्या हुने गरेको बताउनुभयो। "कार्यालय जानैपर्ने बाध्यता हुन्छ। कति दिन बिदा लिएर बस्नु र सडक बिग्रिएका कारण धेरै महिला कर्मचारीले गर्भ तुहिएर पनि सहेर बस्नुपरेको छ। विकल्प छैन," उहाँले भन्नुभयो। जीर्ण सडकका कारण दुर्घटनाको जोखिमसमेत बढेको र सर्वसाधारणले आर्थिक, शारीरिक तथा मानसिक समस्या भोग्नुपरेको उहाँको भनाइ छ।

सडक डिभिजन कार्यालय लहानका प्रमुख ुव झाले सडक लामो समयदेखि जीर्ण रहेकाले त्यसबाट दैनिक आवतजावत गर्ने सर्वसाधारणको स्वास्थ्यमा विभिन्न समस्या देखिनुका साथै सवारीसाधनसमेत बिग्रिने गरेको गुनासो आउने गरेको बताउनुभयो।

उहाँका अनुसार उक्त सडक पाँच वर्षअघि नै निर्माण सम्पन्न भइसक्नुपर्ने थियो। तर विभिन्न कारण तथा ठेकेदारको लापरबाहीका कारण निर्माण सम्पन्न हुन नसकेको हो। 'ठेक्का रद्द भएपछि राजविराज-रूपनी र राजविराज-छिन्नमस्ता सडक खण्ड निर्माणका लागि टेन्डर आह्वान भइसकेको छ। अबको एक महिनाभित्र सम्झौता गर्ने योजना छ," उहाँले भन्नुभयो, 'राजविराज-हनुमाननगर सडक खण्ड निर्माणका लागि पनि अबको दुई हप्ताभित्र टेन्डर आह्वान गरी निर्माण प्रक्रिया अघि बढाउने योजना छ।"

ठेकेदारले सम्झौताअनुसार समयमा काम नगरेको र पटक-पटक ताकेता गर्दा पनि अटेर तथा लापरबाही गरेको भन्दै भौतिक पूर्वाधार मन्त्रालयले जेठको पहिलो साता ठेक्का सम्झौता अन्त्य गरेको थियो। उक्त सडकहरूको स्तरोन्नति तथा नाला निर्माणका लागि साह इन्जिनियरिङ कन्स्ट्रक्सन प्रालि, शम्भुनाथले ठेक्का लिएको थियो। तर तीनवटै सडकको निर्माण समयमै सम्पन्न गर्न नसकेपछि सम्झौतामा उल्लेखित प्रावधान तथा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधनसहित) को दफा ५९(२) को खण्ड (क), दफा ५९ (७) र दफा ५९(८) बमोजिम डिभिजन कार्यालयको २०८३ जेठ ७ गतेको निर्णयअनुसार ठेक्का रद्द गरिएको थियो।

# सडकमा बोलबम यात्रुको चाप

सर्लाही, २५ साउन। सर्लाहीमा महेन्द्र राजमार्ग, नवलपुर-मलङ्गवासहित अन्य सडकमा बोलबम यात्रु र उनीहरू सवार गाडीको चाप बढेको छ। बोलबम यात्रुको चापलाई ध्यानमा राख्दै नेपाल प्रहरी र ट्राफिक प्रहरीले सुरक्षा सतर्कता बढाएका छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाहीका प्रमुख एवं प्रहरी निरीक्षक फलक शर्माले मुख्य गरी महेन्द्र राजमार्ग र नवलपुर-मलङ्गवा सडकमा दुई दिनदेखि सवारीको चाप अत्यधिक बढेको जानकारी दिनुभयो।

हरेक वर्ष साउन महिनाको अन्तिमतिर सर्लाही र रौतहट जिल्लाको सीमा भएर बग्ने बागमती नदीमा जल उठाउन आउनेको अत्यधिक भिड लाग्ने गर्छ। भिड व्यवस्थापन गर्न ट्राफिक प्रहरी र नेपाल प्रहरीलाई हम्मे हम्मे नै पर्ने गरेको हुन्छ। प्रमुख शर्माले मानिस र सवारीको आउजाउ बाक्लिँदा दुर्घटनाको जोखिमसमेत बढ्ने भएकाले सुरक्षाकर्मीको उपस्थिति बढाइएको छ। उहाँले भन्नुभयो, "बोलबम यात्रु र उनीहरू सवार गाडीको चाप बढे पनि अहिले सामान्य अवस्था नै छ।"

यो समयमा कतिपयले जोखिमपूर्ण यात्रा गर्ने भएकाले ट्राफिक नियमको पालना गर्न सम्झाइबुझाइसमेत गर्ने गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाहीले जनाएको छ। यो वर्ष निर्माणाधीन रहेकाले महेन्द्र राजमार्गसहितका अन्य सडक खराब रहेकोले सावधानीपूर्वक सवारीसाधन चलाउन तथा यात्रा गर्न सचेत गराउने काम भइरहेको शर्माले बताउनुभयो।

विशेष गरी बागमती पुल आसपासका क्षेत्रमा ट्राफिक व्यवस्थापन मिलाउन सकस पर्ने गर्छ। बागमती नगरपालिका-११ का हरि पुडासैनीले महेन्द्र राजमार्गमा पहेँलो, हरियोलगायत पोसाक लगाएका पैदलयात्रुसँगै साइकल, मोटरसाइकल, ट्याक्टर, जिपलगायतका गाडीमा सवार मानिसको आउजाउ भइरहेको बताउनुभयो।

बागमतीबाट भारतसहित महोत्तरीको टुटेश्वरलगायतका स्थानमा रहेका शिवालयमा लैजानका लागि जल उठाउन आउने गरिएको पुडासैनीले बताउनुभयो। उहाँले भन्नुभयो, "यो समयमा नेपालीसँगै भारतीय पनि ठुलो संख्यामा जल उठाउन बागमती आउने गर्नुहुन्छ।"

अघिल्ला वर्षमा झैँ जल उठाउन आउनेको भिड कम नै रहेको पुडासैनीले बताउनुभयो। टन्टलापुर घाममा राजमार्गमा यात्रा गर्ने बोलबम यात्रुलाई विभिन्न ठाउँमा पानी, सर्वतलगायतका पेयपदार्थ खुवाउने पनि सक्रिय रहेका छन्।

## बोलबमका ...

पंचा मण्डल, ३३ वर्षीया मोना कुमारी मण्डल, ५० वर्षीया चन्द्र कुमारी दास, ६० वर्षीया रामदुलारी दास, ४४ वर्षीया राम कुमारी दास, १३ वर्षीय कृष्णा कुमार यादव, १७ वर्षीय आसिस कुमार यादव, १२ वर्षीय बिकी मण्डल र बिना कुमारी मण्डल रहेका छन्।

घटनालगत्तै स्थानीय र प्रहरीले घाइतेहरूलाई उद्धार गरी फुलकुमारी महतो मेमोरियल अस्पताल, कर्जन्हा पुर्‍याएका थिए। दुर्घटनापछि इलाका प्रहरी कार्यालय बन्दीपुरले ट्याक्टरलाई नियन्त्रणमा लिएको छ। चालक भने फरार रहेको छ। धनुषाको जनकपुरधाम १५ का करिब ३५ वर्षीय रामबिहारी मण्डलले ट्याक्टर चलाएका थिए प्रहरीले फरार चालकको खोजी तीव्र बनाउनुका साथै घटनाबारे थप अनुसन्धान जारी रहेको जनाएको छ।

## धार्मिक असहिष्णुता...

धर्मका नाममा विवाद हुने गरेको तर्क गर्दै उनले भगवानको नाममा हुने झगडामा नैतिकताको खोजी गरिनुपर्ने बताए।

'पछिल्लो समय पाश्चात्य शिक्षाको प्रभावले पाठ्यक्रमबाट नैतिक शिक्षा हटाइनु दुःखद छ। यदि समाजमा कानुनी आधार रहन्छ भने मात्र पीडितले न्यायका लागि पहल गर्न सक्छन्, अन्यथा समाज अराजकतातर्फ धकेलिन्छ,' उनले भने। नेपाली संस्कृतिलाई 'प्यासिभ' अर्थात् सहनशील संस्कृतिका रूपमा चित्रण गर्दै उनले यसलाई कमजोरीका रूपमा लिन नहुने उनको तर्क थियो।

## हिंसापछि झन् ...

एउटा गम्भीर प्रश्न उठाएको छ- कानुनले न्याय दिन सक्छ, तर समाजले कहिले स्वीकार गर्ने र जबसम्म जात, लिङ्ग र पितृसत्तात्मक सोचका आधारमा महिलाको अस्तित्वमाथि प्रश्न उठाइन्छ, तबसम्म रेश्मा, शान्ति र ती बालिकाजस्ता असंख्य महिलाको कथा बदलिने छैन। उनीहरूको संघर्ष व्यक्तिगत मात्र होइन, समानता र सम्मानपूर्ण जीवनको अधिकारका लागि समग्र समाजकै परीक्षा हो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)